**सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) र (४) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशन गरिएको विवरण**

**आ.व. २०७८/०७९ (२०७८ साल कार्तिक देखि पौष मसान्त सम्मको)**

जिल्लाको सामान्य प्रशासन सञ्चालनको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था स्थानीय प्रशासन ऐन, २०२८ ले गरेको छ । नेपाल सरकारले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम समेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गर्ने गर्दछ । नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन रेखदेखमा रही सोही रुपमा काम गर्ने गर्दछ । हाल यस जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा प्रमुख जिल्ला अधिकारीको रुपमा श्री मोहन राज जोशी कार्यरत हुनुहुन्छ ।

२००७ सालमा प्रजातन्त्रको प्रादुर्भाव पश्चात् चुस्त एवं विकेन्द्रित प्रशासनको आवश्यकता महशुस गरी वडा हाकिमहरुको नियुक्ति गरेको पाइन्छ । सोही बखत काठमाण्डौं उपत्यका कमिश्नर मेजिष्ट्रेट ऐन, मधेश गोश्वारा ऐन, सामान्य प्रशासन र प्रहरी ऐनहरु निर्माण भएका थिए । यसै क्रममा गढी, गौडा र गोश्वाराको रुपमा गृह प्रशासनको कार्य संचालन भएको थियो । नेपालको संविधान २०१९ अनुसार नेपाललाई १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरिएको भएता पनि नेपाल संविधान २०७२ मा नेपाल अधिकराज्यलाई ७ प्रदेश र ७७ जिल्लामा राज्यको संरचना र राज्यशक्तिको वांडफाड गएिको छ । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरुप सञ्चालन गर्न तथा शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागु गरियो । उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार डडेल्धुरा जिल्लमा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । हाल यो कार्यालय डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. ४ स्थित खलंगामा रहेको छ ।

## २. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरेको छ ।

- जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने ।
- जिल्लाभित्र नेपाल सरकार, प्रदेस सरकार र स्थानीय सरकार (नगरपालिका वा गाउँपालिका) ले सञ्चालन गरेका विकास निर्माणका कार्यहरुमा सहयोग पुऱ्याउने ।
- जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, मर्मत सम्भार गर्ने/ गराउने ।

प्रमुख जिल्ला अधिकारी

- नेपाल सरकारले समय समयमा दिएका आदेश/ निर्देशन अनुसार अन्य काम कारवाही गर्ने ।
- साथै जिल्ला प्रशासन कार्यालयबाट नागरिकता वितरण, राहदानी संकलन, जिल्ला स्थित सरकारी कार्यालयहरुसँग समन्वय, उजुरी, जनगुनासो समाधान लगायत नेपाल सरकारले तोकेका अन्य कार्यहरु सम्पादन गर्ने जिम्मेवारी रहेको छ ।

## ३. जिल्ला प्रशासन कार्यालय, डडेल्धुराका जिम्मेवार अधिकारी, कार्यरत कर्मचारी र कार्य विवरण

| सि.नं. | दर्जा | श्रेणी | संख्या | पूर्ति | रिक्त | कार्य विवरण |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम | १ | १ | १ | जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने । |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्वितीय | १ | - | १ | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | २ | १ | १ | प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने । |
| ४ | नायव सुब्बा | रा.प.अनं. प्रथम | ४ | ४ | - | फाँट प्रमुख भई सम्बन्धित फाँटले गर्ने तोकिएका कार्य सम्पादन गर्ने । |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | १ | १ | - | नियमानुसार लेखा सम्बन्धी श्रेस्ता राख्ने लेखापरीक्षण गराउने । |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | २ | - | २ | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने । |
| ७ | खरिदार | रा.प.अनं. द्वितीय | ३ | २ | १ | सम्बन्धित फाँट प्रमुखको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| ८ | ह.स.चा. | श्रेणी विहिन | १ | १ | - | सवारी साधन चलाउने र आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने । |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ६ | ६ | - | सरसफाई, चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

प्रमुख जिल्ला अधिकारी

४. जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवा

(क) **स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवा :**

- नाम, थर वा उमेर आदि प्रमाणित ।
- नाबालक परिचयपत्र सम्बन्धी ।
- पेन्सन तथा रहलपहल सिफारिस ।
- दलित, आदिवासी जनजाति प्रमाणित ।
- पत्रपत्रिका दर्ता ।
- छापाखाना दर्ता ।
- पारिवारिक विवरण प्रमाणित ।
- सुरक्षा निकाय परिचालन तथा समन्वय
- विविध कार्य ।

(ख) **राहदानी सम्बन्धी सेवा :**

- राहदानी फारम संकलन ।
- द्रुत सेवा (अभिलेख प्रमाणित) ।
- राहदानी वितरण ।
- MRP को विवरण संशोधन ।

(ग) **नागरिकता सम्बन्धी सेवा :**

- बंशजको आधारमा नागरिकताको प्रमाणपत्र वितरण ।
- बैवाहिक अंगीकृत नागरिकताको प्रमाणपत्र वितरण ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी वितरण ।
- नागरिकताको विवरण संशोधन ।

(घ) **मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवा :**

- गुनासो वा ठाडो उजुरी दर्ता ।
- मुद्दाको सुनुवाई र निर्णय ।

(ङ) **हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी सेवा :**

- हातहतियार इजाजत, स्वामित्व हस्तान्तरण, नवीकरण र नामसारी ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

प्रमुख जिल्ला अधिकारी

(च) **संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा :**

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।

(छ) **विपद् व्यवस्थापन सम्बन्धी सेवा :**

- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक व्यवस्थापन ।
- विपद् सम्बन्धी कार्ययोजना निर्माण ।
- विपद् जोखिम न्यूनीकरणका लागि तयारी ।
- विपद् भएको क्षति विवरण संकलन ।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुर्नस्थापना ।

(ज) **राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी सेवा :**

- राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता ।
- राष्ट्रिय परिचयपत्र वितरण ।

(झ) **सुशासन/सार्वजनिक सेवा प्रवाह सम्बन्धी सेवाहरु :**

(ञ) **अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यहरु :**

(ट) **जिल्लामा सञ्चालन भएका विकास निर्माण कार्यको अनुगमन, समन्वय र सहजीकरण ।**

**५. जिल्ला प्रशासन कार्यालयका शाखा र जिम्मेवार अधिकारी ।**

| सि.नं. | शाखा | फाँटमा काम गर्ने व्यक्ति | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|
| १ | स्थानीय प्रशासन शाखा | ना.सु. श्री चन्द्र बहादुर रोकाया | प्र.जि.अ. श्री मोहनराज जोशी<br>प्र.अ. श्री प्रेम बहाद्र खवास | प्र.जि.अ. |
| २ | जिन्सी शाखा | ना.सु. श्री धन बहादुर खडायत | " | प्र.जि.अ. |
| ३ | मुद्दा शाखा | ना.सु. श्री चन्द्र बहादुर रोकाया | " | प्र.जि.अ. |
| ४ | राहदानी शाखा | ना.सु. श्री धन बहादुर खडायत | " | प्र.जि.अ. |
| ५ | नागरिकता शाखा | ना.सु. श्री गणेश राज ओझा | प्रशासकीय अधिकृत | प्र.जि.अ. |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | खरिदार श्री मनोज कुमार चन्द<br>खरिदार श्री सोनिया भण्डारी | | |
| ६ | लेखा शाखा | ले.पा. श्री दिलेन्द्र प्रसाद जोशी | " | प्र.जि.अ. |
| ७ | कम्प्युटर शाखा | क.अ. श्री घनश्याम जोशी | " | प्र.जि.अ. |
| ८ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा | क.अ. श्री घनश्याम जोशी | " | प्र.जि.अ. |

## ६. निर्णय गर्ने प्रकृया र अधिकारी ।

(क) **निर्णय गर्ने प्रकृया:** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ र नियमावली २०६५, सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्बन्धी ऐन, २०६४ लगायत प्रचलित कानून बमोजिम ।

(ख) **निर्णय गर्ने अधिकारी :**

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारी: प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम ।
- प्रशासकीय अधिकृत: प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिम ।

## ७. निर्णयउपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम ।

## ८. सम्पादन गरेको कामको विवरण :

| सि.नं. | सम्पादन गरेको काम | कामको परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नयाँ नागरिकता वितरण | १६३४ | |
| २ | नागरिकताको प्रतिलिपी वितरण | ६८८ | |
| ३ | पुरानो नागरिकता अभिलेखिकरण | ५६ | |
| ४ | नाबालक परिचयपत्र | ७ | |
| ५ | राहदानी द्रुत सिफारिस | २६९ | |
| ६ | साधारण राहदानी फारम संकलन | १४४ | |
| ७ | राहदानी वितरण | ९५ | |
| ८ | गुनासो वा ठाडो उजुरी | १० | |
| ९ | नाम, थर उमेर आदि प्रमाणित | ९५ | |
| १० | सिसि क्यामेरा जडान जानकारी | ३ | |
| ११ | पेन्सन र रहलपहल सिफारिस | १० | |
| १२ | संस्था दर्ता | ७ | |
| १३ | संस्था नवीकरण | १७ | |
| १४ | विविध सिफारिस | २० | |

प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| १५ | दलित आदिवासी जनजाती प्रमाणित | ३५ | |
| १६ | पत्रपत्रिका दर्ता | - | |
| १७ | हातहतियार नामसारी | - | |
| १८ | हातहतियार नवीकरण | १ | |
| १९ | विष्फोटक पदार्थ इजाजतपत्र जारी | - | |
| २० | विष्फोटक पदार्थ इजाजतपत्र नवीकरण | - | |
| २१ | मुद्दा दायर | ६ | |
| २२ | मुद्दा फछ्र्यौट | २ | |
| २३ | राहत वितरण | १०४ परिवारलाई रु. १९,४०,०००।- | |
| २४ | कार्यालय अनुगमन | ५ पटक २५ वटा कार्यालय | |
| २५ | राष्ट्रिय परिचयपत्रको व्यक्तिगत विवरण संकलन | १०५८ | |
| २६ | खाद्य नमूना संकलन | २५ | |
| २७ | बजार अनुगमन | ५ पटक | |
| २८ | विपद् राहत वितरण | १९,४०,०००।- | |
| २९ | राहत वितरण गरिएको परिवार संख्या | १०४ | |
| ३० | DCMC को बैठक संख्या | ३ | |
| ३१ | जिल्ला विपद् व्यवस्थापन समिति बैठक संख्या | ६ | |
| ३२ | स्थानीय तहसंग समन्वय बैठक | २ पटक | |
| ३३ | स्वास्थ्य बैठक | ३ पटक | |
| ३४ | जिल्ला सुरक्षा समिति बैठक | ७ पटक | |
| ३५ | बढुवा समिति बैठक | - | |
| ३६ | जिल्ला दररेट निर्धारण समिति बैठक | १ पटक | |
| ३७ | जग्गाको न्यूनतम मुल्य निर्धारण समितिको बैठक | - | |
| ३८ | विविध बिषयबस्तु सम्बन्धि बैठक | ८ पटक | |

९) मिति २०७८।०६।३१ गते देखी परेको बेमौसमी बर्षाका कारण यस जिल्लामा समेत ठूलो मात्रामा धनजनको क्षति भएकाले सो बर्षाका कारण पहिरोमा परी मृत्युबरण गर्ने ३ जना व्यक्तिका आश्रित परिवारलाई तत्काल प्रमुख जिल्ला अधिकारी सहितको टोली निजहरुको घरमा नै गई जनही रु. २,००,०००।- राहत वितरण गर्नु भएको छ । सो बर्षाका कारण यस जिल्लामा करिब १०२ परिवारका घरहरु भत्कि क्षति भएकाले पिडित परिवारलाई समेत निजहरुका घरमा नै गई प्रमुख जिल्ला अधिकारीले दामासाहीका हिसावले तत्काल राहत स्वरुप रु. १५,००,०००।- राहत वितरण गरिएको छ । सो बर्षाका कारण अबरुद्ध भएको भिमदत्त रजमार्ग, के.आई. राजमार्गलाई यस जिल्लाका सवै स्थानीय तहहरुसंग समन्वय गरी तत्काल यातायात सेवालाई सूचारु गराईएको छ । अबरुद्ध भएको खानेपानी विजली बत्ति, टेलिफोन

प्रमुख जिल्ला अधिकारी

सेवालाई सरोकारवाला निकायहरुसंग समन्वय गरी सूचारु गरिएका छन । सो बर्षाका कारण भएको धनजनको क्षतिको एकिन विवरण तयार गरी राहत, पुनस्थापन तथा पुनर्निर्माणका लागि नेपाल सरकार, गृह मन्त्रालय , आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदुरपश्चिम प्रदेश सरकार र स्थानीय तहहरुमा पत्राचार गरी राहत, पुनस्थापन तथा पुर्ननिर्माण कार्यलाई अगाडी बढाईएको छ । सोही बर्षाका कारण अबरुद्ध भएका मूख्य तथा सहायक राजमार्गहरु, विजुली बत्ति, खानेपानी लगायतका सेवाहरुलाई यस जिल्लाका सवै स्थानीय तहहरु र सरोकारवाला निकायहरुसंग समन्वय गरी तत्काल अस्थायी रुपमा सुचारु गरी सेवा सञ्चालन गरिएको छ ।

१०) यस जिल्लामा रहेको मुख्य राजमार्ग भिमदत्त राजमार्गमा पुष महिनामा परेको हिमपातका कारण अबरुद्ध हुना साथ स्थानीय तहहरुसंग समन्वय गरी तत्काल डोजर र जनशक्ति परिचालन गराई सो सडक खण्डमा परेको हिमपातलाई सफागराई तत्काल यातायात सेवालाई सूचारु गरिएको छ ।

११) हिमपात र चिसो कारण यस जिल्लाका सर्वसाधारणको स्वास्थ्यमा प्रतिकुल असर नपर्ने व्यवस्थाका लागि यस जिल्लाका सवै पालिकाहरुसंग समन्वय गरी राहत उद्धार तथा सचेतना मुलक कार्यक्रमहरु गरिएका छ । सोको फलस्वरुप जिल्लामा चिसोका कारण कुनै व्यक्ति परिवार प्रभावित भएको जानकारीमा आएको छैन ।

१२) यस बाहेक यस अवधीमा सम्पादन गरेका थप कार्यहरुको विवरण देहाय बमोजिम रहेको छन ।

क. **कार्यालय प्रमुखको बैठक :** प्रत्येक महिनाको पहिलो हप्ताभित्रमा कार्यालय प्रमुखको बैठकको आयोजना गरी कार्यालयका विद्यमान समस्याहरु र समाधानका उपायहरु, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त नीति निर्देशनहरु सम्बन्धमा जानकारी, कार्यालयका कार्यक्रम र प्रगति र जिल्लाका समसामयिक विषयहरुमा छलफल गरी अघिल्ला बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था तथा प्रगती बारे बैठकमा छलफल तथा आगामी दिनका लागि रणनीति तय गरी विभिन्न निर्णय गर्ने गरिएको ।

ख. **कार्यालय कर्मचारी बैठक :** प्रत्येक महिनाको १ पटक जिल्ला प्रशासन कार्यालयका सम्पूर्ण कर्मचारीहरु उपस्थित भै कार्यालयको वार्षिक कार्ययोजना, भौतिक अवस्था, सुधारका सम्भावना, कर्मचारीका व्यक्तिगत समस्याहरु र आचरण र अनुशासनर कार्यालयबाट प्रवाह गरिने सेवाहरुका सम्बन्धमा छलफल तथा निर्णय गर्ने गरिएको ।

ग. **गै.स.स.हरुको Profile तयारी :** डडेल्धुरा जिल्लामा दर्ता भै हालसम्म नविकरण गरिएका गै.स.स.हरुको नाम, ठेगाना, दर्ता मिति, मूख्य कार्यक्षेत्र, उद्देश्य, एवं आ.व. २०७८/०७९ मा प्रस्तावित कार्यक्रमहरुको विवरण र संचालित कार्यक्रमहरुको अवस्थाका बारेको गै.स.स. Profile तयार गरिएको ।

घ. **समयभित्र सम्पन्न हुन नसकेका रुग्ण आयोजनाहरुको विवरण संकलन :** यस जिल्ला भित्र विभिन्न निकायहरुद्वारा संचालित विकास आयोजनाहरुमध्ये समय भित्र सम्पन्न हुन नसकी रुग्ण बन्न पुगेका

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय डडेल्धुरा

प्रमुख जिल्ला अधिकारी

आयोजनाहरुको विवरण संकलन गरी सम्बन्धित पक्षहरुसँग छलफल गरी आयोजना पुन: सुचारु गरी सम्पन्न हुने वातावरण निर्माण गर्ने प्रयास गरिएको ।

ङ. **BOP स्थापना :** डडेल्धुरा जिल्लाको भारतसँग सीमानामा पर्ने परशुराम न.पा. वडा नं. ८ र भागेश्वर गा.पा. वडा नं. १ गरी थप दुई स्थानमा BOP स्थापना भएको र सो को लागि स्थानीय तह सँगको समन्वयमा तत्काल भवन र अन्य न्यूनतम पूर्वाधार र साधन स्रोत व्यवस्थापन गरिएको साथै BOP को संख्या कुल ५ वटा पुगेको ।

च. **अस्थायी प्रहरी चौकी स्थापना :** यस जिल्लाको सुरक्षा अवस्था विश्लेषण गरी जिल्ला सुरक्षा समितिको सिफारिसमा केन्द्रको सहमतिमा नवदुर्गा गा.पा. को वडा नं. १, सोही गा.पा.को वडा नं. ५ मा तथा आलिताल गा.पा. वडा नं. ६ को धिमडा र परशुराम न.पा. वडा नं. ११ को गाईबांधेमा गरी थप ४ वटा अस्थायी प्रहरी चौकी स्थापना गरी सम्बन्धित स्थानीय तहसँगको समन्वयमा न्यूनतम भौतिक र अन्य पूर्वाधार ब्यवस्थापन गरी सेवा सञ्चालनमा ल्याइएको ।

छ. **सूचना अधिकारीहरुको बैठक र स१चार कार्य :** यस जिल्लाका सम्पूर्ण कार्यालय (सार्वजनिक संस्थान समेत)मा तोकिएका सूचना अधिकारीहरुको बैठक प्रत्येक महिनाको ४ गते बस्ने गरी निर्णय भई सो बमोजिम बैठक आयोजना गरी सूचनाको हक सम्बन्धी ऐन र नियमावली बमोजिम सूचना अधिकारीले निर्वाह गर्नुपर्ने भूमिका र दायित्व विषयमा सू-सूचित गरिएको साथै सूचना अधिकारीहरुको विवरण अद्यावधिक गरी जिल्ला प्रशासन कार्यालयको web page मार्फत समेत सार्वजनिक गरिएको ।

ज. **स्थानीय तहका प्रमुख र सुरक्षा निकायका प्रमुखहरुबिच समन्वय बैठक सम्पन्न :** यस जिल्लाका ७ (सात) वटै स्थानीय तहहरुसंग सबै सुरक्षा निकायका प्रमुखहरु सहितको समन्वय बैठक आयोजना गरी जिल्लामा शान्ति सुरक्षा अमनचयन कायम गर्ने, विकास निर्माणलाई थप प्रभावकारी बनाउने, कोभिड-१९ रोकथाम र नियन्त्रणका थप उपायहरु अबलम्बन गर्ने, सार्वजनिक जग्गा र सम्पत्तिहरुको संरक्षण गर्ने, प्राकृतिक स्रोत साधनको उचित संरक्षण र परिचालन गर्ने तथा दुरुपयोग हुन नदिने, जुवातास, लागु औषध, अवैध मदिरा नियन्त्रण गर्ने लगायतका विषयमा छलफल तथा निर्णयहरु भई कार्यान्वयनमा तिव्रता दिईएको छ ।

झ. **सर्वपक्षिय बैठक :** लागु औषधको सेवन, बिक्री बितरण तथा ओसार पसारलाई पूर्ण रुपले बन्देज गर्न तथा लागु औषधले समाजमा पुऱ्याएको अपराधिकरणलाई न्यूनिकरण गर्न जिल्लामा उपस्थित राजनीतिक दल, नागरिक समाज, पत्रकार, सर्वसाधारण तथा सरोकारवाला निकायका पदाधिकारीहरुको सहभागितमा विस्तृत छलफल भई यस जिल्लालाई लागु औषधको सेवन, बिक्री वितरण तथा ओसार पसारलाई बन्द गर्न आ-आफ्नो तर्फबाट साथ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सोही बैठकबाट जिल्लामा लागु औषध नियन्त्रण लगायतका गैरकानुनी काम कारवाहीलाई निरुत्साहित गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुगेको छ ।

प्रमुख जिल्ला अधिकारी

ञ. **कार्यालयलाई थप सेवाग्राही मैत्री बनाइदै :** जिल्ला प्रशासन कार्यालय, डडेल्धुरामा सेवा लिन आउने नागरिकहरुको हित र सुविधालाई ध्यानमा राखी अधिकतम सेवाग्राही मैत्री कार्यालय बनाउने प्रयास स्वरुप, तातो चिसो पिउने पानीको ब्यवस्था, कार्यालय परिसरलाई Free WiFi Zone, सेवाग्राही प्रतिक्षालय, Help Desk, स्तनपान कक्ष, लिखित र Digital नागरिक वडापत्रको ब्यवस्था गरिएको छ ।

ट. **राष्ट्रिय परिचयपत्रको विवरण संकलनको सुरुवात र हालसम्मको प्रगति :** यस जिल्लामा मिति २०७७ भाद्र २२ गतेदेखि औपचारिक रुपमा राष्ट्रिय परिचयपत्रको विवरण संकलनको सुरुवात भई हालसम्म निरन्तर जारी रहेको छ । राष्ट्रिय परिचयपत्रलाई यस जिल्लामा अभियानकै रुपमा संचालनमा ल्याईएको छ ।

ठ. **बजार अनुगमन :** उपभोक्ता संरक्षण ऐन,२०७५ ले उपभोक्ताहरुको हक, हित र अधिकारलाई संरक्षित गरी गुणस्तरीय सामान उचित मूल्य र मात्रामा पाउने अधिकारलाई संरक्षण गर्न नेपालीहरुका महान तिहार तथा अन्य मेला पर्वहरुमा कालोबजारी समेत बढ्ने सम्भावनालाई मध्यनजर गर्दै यस कार्यालयले नियमित रुपमा गर्दै आएको बजार अनुगमनलाई अझ तिव्रता दिने क्रममा सम्बन्धित स्थानिय तहहरु, उद्योग वाणिज्य संघ, डडेल्धुराको समेत सहभागितामा पटक-पटक गरी अमरगढी नगरपालिका, परशुराम न.पा.को मुख्य बजार क्षेत्र, गन्यापधुरा गाउँपालिकाको भात्काँडा बजारमा र भागेश्वर गाउँपालिका १२० किराना पसल, ५५ वटा होटल, ५० वटा तरकारी पसल र ३५ वटा मासु पसलमा संयुक्त रुपमा बजार अनुगमन कार्य सम्पन्न गरिएको छ । अनुगमन कममा मूख्यत: पिठो, चिउरा, चाउचाउ, मसला, पेय पदार्थहरु, विस्कुट लगायतका म्याद सकिएका करिव रु. १,५०,०००।- मूल्य बराबरको सामानहरु जफत गरी नष्ट गरियो । अनुगमनको क्रममा केही ब्यवसायीहरुले मूल्य सूची, साइन बोर्ड नराख्नुको साथै पसल व्यवसाय समयमा नै दर्ता तथा नविकरण गरेको नपाइएकोले उक्त कमजोरीहरु सुधार गर्नको लागि सुझाव प्रदान गरियो । साथै अनुगमनको क्रममा खाद्य बस्तुको मुल्य बृद्धि, कृत्तिम अभाव, कालो बजारी भएको नदेखिएकाले बजारमा सर्व सुलभ ढंगबाट खाद्यन्न आपुर्ति भएको देखिएको ।

ड. **कोभिड-१९ रोकथाम र नियन्त्रण :** यस अवधिमा DCCMC का कूल ३ वटा बैठक बसी यस कार्यालयबाट जारी गरिएका आदेशको कार्यान्वयन, क्वारेन्टाइन र आइसोलेसनको ब्यवस्थापन, PCR परिक्षण, उपचारको ब्यवस्था, खोप कार्यक्रमको व्यवस्थापनका लागि यस जिल्लाका सबै थानीय तहहरुसँगको समन्वयमा स्वास्थ्य सुरक्षाका मापदण्डहरुको कार्यान्वयन र संक्रामक रोग ऐन, २०२०, कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को को प्रभावकारी कार्यान्वयन गरी कोभिड-१९ को रोकथाम र नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी

९. कार्यालय प्रमुख र सूचना अधिकारीको विवरण :

(क) कार्यालय प्रमुख :

नाम: मोहन राज जोशी

पद : प्रमुख जिल्ला अधिकारी

सम्पर्क नं. ९८५८७१७७७७

(ख) सूचना अधिकारी :

नाम : प्रेम बहादुर खवास

पद : प्रशासकीय अधिकृत

सम्पर्क नं. : ९८५८४८६६६६

१०. ऐन नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन, २०६३
- राहदानी ऐन, २०७६
- विष्फोटक पदार्थ ऐन, २०१८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- सशस्त्र प्रहरी ऐन, २०५८
- सुशासन (ब्यवस्थापन तथा संचालन) ऐन, २०६४
- संस्था दर्ता ऐन, २०३४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संक्षिप्त कार्यविधि ऐन, २०२८
- हातहतियार तथा खरखजाना ऐन, २०१९
- होटल ब्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३

प्रमुख जिल्ला अधिकारी

- उपभोक्ता संरक्षण ऐन, २०७५
- कारागार ऐन, २०१९
- कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- खाद्य ऐन, २०२३
- छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८
- जलश्रोत ऐन, २०४९
- जग्गा प्राप्ति ऐन, २०३४
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३
- प्रहरी ऐन, २०१२
- उमेर नाम र जात सच्चाउने नियमहरु, २०१७
- नागरिकता नियमावली, २०६३
- कारागार नियमावली, २०२०
- खाद्य नियमावली, २०२७
- छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
- जलश्रोत नियमावली, २०५०
- सुशासन (ब्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- हातहतियार तथा खरखजाना नियमावली, २०२८
- प्रहरी नियमावली, २०२८
- राहदानी नियमावली, २०७७
- सशस्त्र प्रहरी नियमावली, २०६०
- संस्था दर्ता नियमावली, २०३४
- विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन नियमावली, २०७६

प्रमुख जिल्ला अधिकारी

११. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :

| आ.व. २०७८/०७९ को लागि स्वीकृत बजेट | | २०७८ कार्तिक देखि पौष मसान्त सम्मको खर्च | आम्दानी | |
|---|---|---|---|---|
| बजेट शीर्षक | रकम | रकम | विवरण | रकम |
| चालु | १४,५२,३०००।- | २६,६१,८६३।- | राहदानी वापत | १,९०,०००।- |
| पूँजीगत | १,३४,५०,००००।- | ७०,४९९।- | संघ संस्था दर्ता/नवीकरण | १५,०००।- |
| | | | परीक्षा शुल्क | - |
| | | | प्रशासनिक दण्ड जरिवाना | १५,०००।- |
| | | | हातहतियार नवीकरण | १०,०००।- |
| जम्मा | २७,९७,३०००।- | २७३२३६२।- | | २,३०,०००।- |

१२. अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण: नभएको ।

१३. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:

वेबसाइट : https://daodadeldhura.moha.gov.np

इमेल : daodadeldhura133@gmail.com, daodadeldhura@moha.gov.np

१४. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण : नभएको ।

१५. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण : नभएको ।

१६. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि : नभएको ।

१७. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय : नपरेको ।

१८. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण : नभएको ।

तयार गर्नेः

प्रमुख जिल्ला अधिकारी

प्रमाणित गर्नेः